दलित
# निगरानी
१५ दिने

वर्ष १, अङ्क ६, २०६६ (16–30 Sep.) सहयोग रु. १०।-

## यस अङ्कमा

खबर/पाठक प्रतिक्रिया - २

जीवनवृत्त
थलिए मनबहादुर
सार्थक हुँदैछ बचाउ अभियान - ३

टिप्पणी
संवैधानिक समितिका प्रतिवेदनमा
दलित अधिकार
यामबहादुर किसान - ५

विचार
केही गरौं, जुहारी बन्द गरौं
जमुना नेपाली - ७

सभासद् चिनारी
तेजबहादुर मिजार - ८

सम्पादकीय

# दलितले दशैंलाई कसरी बुझ्ने

यतिबेला २०६६ को विजया दशमी मनाउने क्रम चलेको छ । धर्म निरपेक्ष भइसकेको देशमा दशैं पर्व मूलतः पहाडका क्षेत्रीहरूको हो, किनभने नेपाली हिन्दु परम्परा अनुसार जनै पूर्णिमा ब्राह्मणहरूको, दशैं क्षेत्रीहरूको, तिहार वैश्यहरूको र फागु शुद्रहरूको हो भन्ने गरिन्छ । क्षेत्रीहरू परम्परागतरूपमा शासक जाति भएकाले उनीहरूको मुख्य पर्वले धेरै महत्व पाउनु स्वाभाविक हो । तर दलितहरू जसलाई हिन्दु परम्पराले शूद्र भन्दा पनि तल अर्थात पञ्चम वर्णमा राखेको छ, उनीहरूले यसलाई कसरी हेर्ने भन्ने मूल प्रश्न छ ।

विगत २३८ वर्षदेखि राज्यको मूलधर्म हिन्दु कायम गरी त्यसकै आधारमा शासन चलेको देश हो । यो धर्मले राजालाई विष्णुको अवतार मान्ने र ब्राह्मणलाई संभवतः ब्रह्माका उत्तराधिकारी मानी ब्राह्मण हत्या गरेमा ब्रह्म हत्या सरहको पाप लाग्ने भएको र राजगुरुलाई श्री ६ को संज्ञा दिइएको हुँदा यसले उनीहरूको अतिनै पृष्ठपोषण मात्र गरेन, उनीहरूको शिक्षा, सत्ता र सम्पत्तिमा सन्तान दरसन्तानमा आफ्नो अधिपत्य सुनिश्चित गरिदिएको छ । वैश्यहरूको सम्पत्तिमा सधैं नियन्त्रण रहने र सम्पत्तिविना शिक्षा र सत्ता पनि नचल्ने हुँदा हिन्दु परम्परा अनुसार यी तीन समूह सधैं एक अर्काका सहयोगी र पूरक रहेका देखिन्छन् । वर्गीय रूपमा भन्ने हो भने वहुसंख्यक शुद्र तथा दलितहरूलाई धर्मको आडमा शोषण गर्ने अभेद्य आधार खडा गरिएको देखिन्छ । अहिले हामी नयाँ नेपालको निर्माणमा अघि वढि रहेका छौ । अतः यस्तो धर्म-संस्कृतिको विषयमा हामीले वहसको विषय वनाउनु पर्छ कि पर्दैन भन्ने मुल प्रश्नको रूपमा अगाडि आएको छ ।

गैर-हिन्दु खासगरी अहिलेका आदिवासी, जनजातिहरूका धेरै समुदायहरूले दशै मान्न छाडिसकेका छन्, किनभने यसलाई उनीहरूले आफ्नो धर्म संस्कृतिको अभिन्न अङ्ग मान्नुको सट्टा यो लादिएको औपनिवेशिक संस्कृतिको रूपमा लिन थालेका छन् । हुन पनि राणाकालसम्म हरेक घरले आफ्नो घरमा रगत लागेको पञ्जाको छाप लगाएर राख्नुपर्ने हुन्थ्यो, सरकारी सैनिक घर घरमा हेर्दै जाँदा कसैको घरमा सो पञ्जा नदेखेमा पक्रेर लगी धर्मको वर्खिलाप गएको भनी सजाय गर्ने गरिन्थ्यो भनी जनजाति आन्दोलनका अग्रज तथा प्रखर वौद्धिक व्यक्तित्व डा. कृष्ण भट्टचन भन्नु हुन्छ । अतः सजायको डरले पनि दशैंको बेलामा पशु वली दिई पञ्जाको छाप लगाएर राख्ने गर्थे । तर अहिले त्यस्तो वाध्यकारी अवस्था नरहेकोले यसलाई उनीहरूले छोड्दै गएको देखिन्छ ।

पहाडका दलितहरू भाषिक तथा सांस्कृतिकरूपमा वाहुन क्षेत्री जस्तै भएको र दशैं तिहारको चाडमा उनीहरूले पाउने बालीघर सहित पुराना लुगा फाटा पनि पाउने भएकाले उनीहरूका लागि दशै आर्थिक सामाजिक र सांस्कृतिक जीवनको अभिन्न अङ्ग वन्दै गएको देखिन्छ । त्यसको मतलव वर्ष भरिमा मीठो खाने र राम्रो लाउने समय यहिवेला भएकोले यो चाडलाई उनीहरूले पनि आफ्नो सामाजिक जीवनको अभिन्न अङ्ग वनाउनु स्वाभाविक हो । तर यही कुरा तराईका दलितमा भने लागू हुदैंन, किनभने धेरैजसो त्यहाँ वस्नेहरूको आफ्नै संस्कृतिलाई अपनाँउदै आएका छन् । त्यहाँका मूलधारका हिन्दुहरूले मनाउने छठ जस्तो पर्व मनाउने भएपनि आफ्नै देवता सहलेश र दिनभद्रिको पूजा पनि गर्दै आएका छन्, जसलाई त्यहाँका अन्य जातिहरूले सम्मान गरे पनि त्यति धेरै महत्व दिएको देखिवैन ।

पहाडका दलितका लागि दशैं एउटा महत्वपूर्ण सास्कृतिक पर्व भएता पनि यस वापत उनीहरूले ठूलो मूल्य चुकाउनु परेको छ । उनीहरूको श्रम तथा आर्थिक शोषण गर्ने सवैभन्दा ठूलो माध्यम भनेको बालीघरे, खलो, डोली, भुडे प्रथा हुन् । यसलाई वाध्यकारी वनाउन दशैं र तिहार जस्तो चाडले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । किनभने खेतिपातीमध्ये मकै थन्क्याउने वेला भइसक्ने तर धान नपाकिसकेको अवस्थामा चाड त जसरी भए पनि मनाउनु पर्ने वाध्यकारी अवस्था हुँदा उहि बालीघरे विष्टसँग अत्याधिक व्याजमा ऋण काढेर चाड मनाउनुपर्ने अवस्था अहिले पनि धेरै ठाउँमा रहेको देखिन्छ । दलितमध्येका अधिकांश हलियाहरूको ऋण यस्तै दशैं तिहार जस्तो चाडवाडमा थपिनुले सो कुराको पुष्टि हुन्छ ।

अहिले हामी संविधान निर्माणको चरणमा छौं, संविधान निर्माण भनेको केवल देशको मूल कानुन बनाउने मात्र होइन, नयाँ संस्कृतिको निर्माण गर्ने अवसर पनि हो । देश धर्म निरपेक्ष भइसकेको अवस्थालाई गैरहिन्दुहरूले यसबाट फाईदा उठाइरहेका छन्, राज्यबाट नै दशैंको छुट्टिलाई केही कटौति गरी उनीहरूको मुख्य चाडको बेलामा सार्वजनिक विदा दिनु यसको उदाहरण हो, तर जुन हिन्दु धर्मले दलितलाई सबैभन्दा प्रताडित गरेको छ, त्यसकै अनुयायी वन्दै वस्नै पर्ने भन्ने के छ ? अतः समय आएको छ एउटा नयाँ संस्कृतिको निर्माण गर्नका लागि केही सोच राख्दै बहसमा उत्रिनु पर्ने, अनि मात्र साँचो अर्थमा दलितका लागि पनि नयँ नेपालको निर्माण भएको अनुभूति हुनेछ ।

सल्लाहकार
राजकुमार त्रिखत्री
गणेश विके देउल्याल
डा.द्रोणप्रकाश रसाली (क्यानडा)
कृष्ण सोव (अमेरिका)
रुपेश सिलवाल (बेलायत)
धनकुमारी सुनार

प्रधान सम्पादक
हीरा विश्वकर्मा

विशेष संवाददाता
गोपाल बराइली

व्यवस्थापन
अनन्त यात्री विक
रेखा श्रीपाइली
लालबाबु महरा

प्रकाशक
**राष्ट्रिय दलित नेटवर्क र**
**दलित अध्ययन तथा विकास केन्द्र**

अनामनगर, काठमाडौं ।
फोन-०१-६९११६७३
**नेपाल दलित इन्फोको सहभागितामा**
Email: dalitnigarani@gmail.com
web: www.nepaldalitinfo20.com

**अन्त्य गरौं जातीय छुवाछूत, भेदभाव र अपमान**
**निर्माण गरौं नयाँ नेपालको समावेशी संविधान**

# दलित इजलासको माग

काठमाडौं/ संविधानसभाले डेढ वर्ष पूरा गरे पनि गत असोजमा गठन गरिएको भनिएको दलित सभासद् मञ्च अझै सक्रिय हुन सकेको छैन । यो मञ्चले दलितका साझा एजेण्डालाई साझा रूपमा संविधानसभामा उठ्ला भन्ने अपेक्षा थियो । तथापि पछिल्लो समयमा सबै दलित सभासद्हरू एकबद्ध हुने प्रयासमा लागेका छन् ।

न्यायप्रणालीसम्बन्धी समितिले पेश गरेको अवधारणामा बोल्ने क्रममा दलित सभासद्हरूले दलितका लागि मौजुदा न्याय प्रणाली नै सही नभएको बताए । उनीहरूले संविधान जातीय छुवाछूत, असमानता र जातीय विभेदबाट पीडित बनेका दलित समुदायका लागि अदालतमा छुट्टै दलितको इजलास आवश्यक भएको बताए । सभासद्हरूले केन्द्रदेखि राज्य, प्रान्त र स्थानीयस्तरसम्म नै दलितको इजलासको व्यवस्था गर्नु पर्ने माग गरेका छन् ।

समितिले पेश गरेको अवधारणामाथि बोल्दै सभासद् पद्मलाल विश्वकर्माले समानुपातिक न्याय प्रणाली आवश्यक भएको बताए । उनले जनताले निर्वाचित गरेका प्रतिनिधिहरूले नै जनतालाई अधिकार सम्पन्न बनाउने भएकोले न्यायलयमा सबै जात जातिको प्रतिनिधित्व सुनिश्चित गर्न बाधा पुग्ने खालको कानुन बनाइन नहुने बताए ।

सभासद् लक्ष्मी परियारले समितिले पेश गरेको अवधारणाले न्यायालयमा दलित र महिला प्रतिनिधित्वको ग्यारेन्टी दिन नसकेकोले संशोधन गरिनु पर्ने बताइन् । समानुपातिक प्रतिनिधित्वको कुरा गरे पनि न्यायालयको ढोका बन्द गर्ने प्रयत्नहरू भइरहेको उनले आरोप लगाइन् ।

सभासद् तिलक परियारले पुरानै ढर्राबाट न्यायालयमा दलितको प्रतिनिधित्व हुन नसक्ने भएकाले राजनीतिक सहमतिका आधारमा बाहिरबाट न्यायाधीश नियुक्त गर्न पाउनु पर्ने अडान राखे । न्याय प्रणली सम्बन्धी अवधारणामाथी सन्तबहादुर नेपाली, गोपी बहादुर सार्की (अछामी) लगायतका सभासद्हरूले बोलिसकेका छन् ।

# कानुन बनाउँदा ध्यान देऊ !

काठमाडौं/ अहिलेसम्मका कानुनहरुले दलितलाई न्याय दिन नसकेकोले अबको संविधानले त्यसतर्फ ध्यान दिइनुपर्नेमा दलित सभासद् र बुद्धिजीवीहरूले जोड दिएका छन् । संविधानबनिसकेपछि पछुताउनु भन्दा बन्नु अघि नै खबरदारी गर्न जरुरी भएको निस्कर्ष पनि उनीहरूले निकालेका छन् ।

संवैधानिक सम्वाद केन्द्रले २५ भदौमा दलित समुदायका सन्दर्भमा संवैधानिक समितिका प्रतिवेदन उपर समीक्षात्मक टिप्पणी गर्न आयोजित कार्यक्रममा सहभागी दलित बुद्धिजीवी तथा सभासद्हरूले यस्तो निस्कर्ष निकोलका हुन् । उनीहरुले नयाँ संविधान निर्माणका क्रममा पाँच वटा समितिले पेश गरेका अवधारणालाई मात्रै आधार मान्ने हो भने दलितको हित नहुने बताए ।

कार्यक्रममा सभासद्हरू पद्मलाल विश्वकर्मा, पुनरसिंह दयाल, सन्तोषी विश्वकर्मा र शान्तिदेवी चमारले अबको संविधानमा दलितका सवाल सम्बोधन गराउन जस्तोसुकै मूल्य चुकाउन पछि नहट्ने बताए। साथै उनीहरू त्यसका लागि सडकबाट दलितहरूको खबरदारी आवश्यक भएको बताए । उनीहरूले अब मुलुकलाई छुवाछूतमुक्त भन्दा पनि छुवाछूतरहित बनाउनुपर्नेमा जोड दिए ।

अनुसन्धानकर्ता तथा अधिवक्ता यामबहादुर किसानले समीक्षात्मक कार्यपत्र प्रस्तुत गर्दै दलितसंग जोडिएका विभिन्न हकहरु छुट्टै खण्डमा राखिनु पर्ने बताए । कार्यक्रममा राष्ट्रिय दलित आयोगका निवर्तमान अध्यक्ष रामलाल विश्वकर्मा, मधेशी विकास महासंघका अध्यक्ष कैलाश प्रसाद देव, संवैधानिक सम्वाद केन्द्रका मानवहादुर विश्वकर्मा लगायतले बोलेका थिए ।

## आफ्नै सूचना

दलित निगरानी तपाईंलाई कस्तो लाग्यो ? यसमा समावेस गरिएका सामाग्रीहरू कस्ता छन् । तपाईंको कुनै सुझाव वा प्रतिक्रिया भए निम्न ठेगानामा पत्राचार गर्नु होला ?

निगरानी

अनामनगर, काठमाडौं ।
फोन–०१–६९११६७३
dalitnigarani@gmail.com

# पाठक प्रतिक्रिया

## निगरानीको सही कदम

दलित निगरानीका प्राय सबै अंक पढ्ने गरेकी छु । अहिले दलितको तर्फबाट संविधान सभामा उठाउने पर्ने विषयहरु यस बुलेटिनले उठाई रहेको छ साथै दलित सभासदका जीवनी तथा अनुभवलाई वाहिर ल्याएर स्वंय सभासदलाई प्रोत्साहित र हामी जस्ता पाठकलाई सुसूचित गराई रहेको छ । जनजातिहरुको आन्दोलन एकीकृत रुपमा अगाडि वढि रहेको देखिन्छ, तर दलितको सवालमा त्यस्तो देखिदैन अतः दलित निगरानीले त्यस तर्फ भूमिका निर्वाह गरोस । दलित महिला दलित भित्र पनि सीमान्तकृत समुदाय भएकाले उनीहरुका सवालले निरन्तर स्थान पाउनु पर्छ भन्ने चाहान्छु ।

■ **सूर्यकुमारी विश्वकर्मा**
**चितवन**

## सबैलाई सुसूचित गरिरहेकोछ

दलित निगरानी मरो इमेलमा आउने वित्तिकै यसका सवै विषयवस्तु पढ्ने गर्छु र आफुलाई रुचि भएको विषय पुरै पढ्छु । यसले दलितको विषयमा समय सान्दर्भिक विषय वस्तु उठाई सवैलाई सुसूचित गरिरहेको आफैमा सरहानीय पक्ष हो तर यो प्रयास खोलाको किनारमा वसेर माछा मार्ने र अवसर लिन खोज्ने जस्तै हो । यसले दलितको मुक्ति वा रुपान्तरण हुन सक्दैन, त्यसका लागि एउटा सशक्त राजनैतिक आन्दोलन चाहिन्छ । अहिले सम्म हेर्दा दलितको उच्चतम माग नै आरक्षण मात्र भएको देखिन्छ र धेरै पढे लेखेका दलितहरुले केवल राम्रो जागीरे अवसर मात्रै खोजेको देखिन्छ । यस्ता सानातिना कुरामा अल्झिने भन्दा शासन गर्ने बाटो खोज्नु जरुरी छ, त्यसका लागि दलितको एउटा छुट्टै सशक्त राजनैतिक शक्ति हुन आवश्यक छ । कित तपाईहरुले भएको दलितको छुट्टै राजनैतिक पार्टिलाई सहयोग गर्नुस कि सशक्त राजनैतिक पार्टि खोलेर शासन गर्ने वाटो पहिल्याउनस, यहि मेरो शुभकामना छ ।

■ **डा. केशवमान शाक्य**
**अध्यक्ष, नेपाः राष्ट्रिय पार्टी**



# थलिए मनबहादुर

# सार्थक हुँदैछ बचाउ अभियान

नेपालको दलित आन्दोलनका अगुवा तथा पूर्वसांसद मनबहादुर विश्वकर्मा यतिबेला मिर्गौला रोगका कारण थलिएका छन् । उनको उपचारका लागि देश विदेशमा *'मनबहादुर बचाऊ अभियान'* सञ्चालन भइरहेको छ । मनबहादुरको पछिल्लो स्वास्थ्य अवस्थाका बारेमा जानकारी पाउनेहरुले उनको स्वास्थ्यलाभको कामनामात्र गरेका छैनन्, उपचारका लागि व्यक्तिगत र संस्थागत तबरले आर्थिक सहयोग पनि प्रदान गरिरहेका छन् । मधुमेह रोगले सताएर दुई वर्षअघिदेखि बिरामी भएका उनी गुमनाम जस्तै थिए । तर, दलित समुदायका केही सञ्चारकर्मीले उनको अवस्था थाहा पाएपछि उनका बारेमा समाचार सार्वजनिक भएको हो ।

मनबहादुरको स्वास्थ्यप्रति देश विदेशबाट व्यक्त चिन्ता र चासोले उनी दलित आन्दोलनका एक अपरिहार्य पात्र रहेको कुरालाई स्पष्ट पार्छ । जातपात र छुवाछूतविरोधी आन्दोलनमा मनबहादुरले महत्वपूर्ण योगदान गरेकै कारण अहिले उनीप्रति धेरैले सद्भाव राखेका छन् । नेपालमा 'दलित' शब्दलाई संस्थागत गर्न र आरक्षणलाई दलित आन्दोलनको केन्द्रीय मुद्दाका रूपमा स्थापित गर्न मनबहादुर विश्वकर्माको ठूलो योगदान छ । आरक्षण र दलित शब्दको विरोधमा कुनै सार्वजनिक कार्यक्रममा कसैले बोलेमा मनबहादुर त्यसको डटेर विरोध गर्थे ।

पर्वतको भोक्सिङ-३ मा २००६ सालमा सामान्य दलित परिवारमा जन्मेर राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित हुनका लागि मनबहादुरले अनेक दुःख भोगेका छन् । 'दलित माथि जहाँ अत्याचार त्यहाँ मनबहादुर भन्ने' भनाइ त्यसै बनेको होइन, यसबाट मनबहादुरको दलित आन्दोलनप्रतिको निष्ठा झल्किन्छ । पछिल्लो समयमा सिराहा-सप्तरीको चमार बहिष्कार विरुद्धको आन्दोलनमा उनी निकै सक्रिय थिए । २०५६ सालमा सिन्धुपाल्चोकको भोटेनाम्लाङ गाविसका दलितमाथि भएको अत्याचारको विरोधमा उनको नेतृत्वमा दलितको एउटा समूहले घटनास्थलमा पुगेर पीडकलाई माफी मगाएको थियो । उक्त काण्डमा दलितले होटलमा चिया खाएर गिलास नमाझेको निहुँमा दलितलाई कुटपिट गरी ४० हजार जरिवान गरिएको थियो । जातपात र छुवाछूतको विरोभमा भएका दर्जनै राष्ट्रिय तथा स्थानीय संघर्षको अग्रपङ्तीमा थिए मनबहादुर ।

उनले गरेकामध्ये सबैभन्दा चर्चित संघर्षचाहिँ कानुनी हो । मनबहादुरले सर्वोच्च अदालतमा दायर गरेको रिटमाथि ०४९ फागुन १४ मा अदालतले गरेको फैसला ऐतिहासिक साबित भएको छ । सर्वोच्चको उक्त फैसला अहिले पनि राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमै चर्चामा छ । कानुनमा स्नातक र स्नातकोत्तर तहमा पढ्ने छात्रछात्राले सो फैसला अहिले पनि अध्ययन गर्ने गरेका छन् । मनबहादुरले समाज



सेवामा पुऱ्याएको योगदानका कारण उनी राजा वीरेन्द्रबाट मनोनीत भएर २०५० सालमा राष्ट्रियसभाको सांसद भए । सांसद् भएपछि उनको सक्रियता झन् बढ्यो । संसद्को रेकर्ड अनुसार दलितका पक्षमा सांसद्मा सबैभन्दा बढी आवाज उठाउने साँसदमा मनबहादुर विश्वकर्मा पर्छन् ।

नेपाली दलित आन्दोलनमा पुऱ्याएको योगदानको कदर गर्दै २०६० सालमा *दलित खबर* पत्रिकाले उनलाई दलितका १० हस्तीको रूपमा सम्मान गरेको थियो । उनीसहित दलित आन्दोलनका १० हस्तीमा छविलाल विश्वकर्मा, पदमसिंह विश्वकर्मा, हीरा विश्वकर्मा, पदम सुन्दास, रामप्रीत पासवान, रामशरण दर्नाल, टेक ताम्राकार, डीबी सागर, गुणलक्ष्मी शर्मा लगायत थिए । मनबहादुरले त्यतिबेला भनेका थिए - 'पत्रकारले मेरो योगदानलाई सम्झिनु भएकोमा म आभार व्यक्त गर्न चाहन्छु ।'

मनबहादुर सांसद् हुनुअघि काठमाडौंको विजयश्वरीस्थित गीतामाता माविका प्रअ थिए । सामुदायिक स्कुलमध्ये राम्रोमा पर्ने गीतामाता स्कुलको विकासमा उनको महत्वपूर्ण योगदान छ । त्यसैगरी २०४५ सालदेखि बन्द भएको विजयश्वरीको समाज विकास छात्रावासको पुनर्निर्माण र सञ्चालन पनि उनकै अगुवाइमा भएको हो । अहिले उक्त छात्रावासमा देशभरिका उच्चशिक्षाका लागि राजधानी आएका झण्डै ६४ जना दलित छात्र बस्दै आएका छन् । मूलतः मनबहादुरको मुख्य कर्म क्षेत्र दलितको सेवा र शिक्षाको उन्नति गर्नु रह्यो । उनी अहिलेसम्म कुनै राजनीतिक दलमा आवद्ध छैनन् । कतिपयले उनलाई दरबारिया भन्ने आरोप लगाए पनि उनको योगदानका कारण राजाको मनोनीत सांसद् भएको बताउनेहरू पनि भेटिन्छन् । उनी भन्छन् - 'म सबै दलितको साझ व्यक्ति हुँ, मेरो कामले गर्दा राजाले मनोनीत गरेका होलान् ।'

मनबहादुरले जातीय छुवाछूत विरूद्ध संघर्षचाहिँ गृह जिल्ला पर्वतबाट सुरु गरेको देखिन्छ । सदरमुकाम कुश्मा बजारस्थित शिवालय चोकमा रहेको इनारबाट दलितले पनि समान रूपमा पानी झिक्न पाउनुपर्छ भनेर उनले २०२६ सालमा उक्त इनारमा रातोझण्डा गाडेका थिए । आज उक्त इनार गैरदलित र दलितले समान रूपमा उपभोग गरेका छन् । बाल्यकालदेखि दलितको सेवामा लागेका विश्वकर्मालाई उनको योगदानका लागि देश विदेशका सङ्घ-संस्थाहरूले सम्मान गरेका छन् । उनी डा. भीमराव अम्बेडकर अन्तर्राष्ट्रिय पुरस्कार पाउने दलित नेतामा पर्छन् । राजधानीस्थित शोभाभगवती उनको डेरामा अहिले पनि दर्जनौ सङ्घ-संस्थाहरुले दिएका सम्मान तथा प्रमाणपत्रहरू छन् । 'मेरो सम्पत्ति नै यही हो नि ।' उनले भने ।

दलित योद्धा पूर्वसांसद् विश्वकर्माको जीवन बचाउनका लागि यतिबेला पत्रकार बाबुराम विश्वकर्मा, *युग परिवर्तन* साप्ताहिक, दलित नेता तथा सभासद, दलितका विभिन्न सङ्घ-संस्थाले मनबहादुर बचाउ अभियान प्रारम्भ गरेका छन् । भदौको तेस्रो साताबाट सुरु भएको उपचार सहयोग अभियान फलदायी भएको छ । अहिलेसम्म उनको उपचारका लागि झण्डै १ लाख ६५ हजारको हाराहारीमा रकम सङ्कलन भएको जनाइएको छ । मनबहादुर विश्वकर्माको उपचारका लागि किष्ट बैंक अनामनगरमा उनका छोरा रविन विश्वकर्मा, *शिक्षक* मासिकका विशेष संवाददाता बाबुराम विश्वकर्मा र *युग परिवर्तन* साप्ताहिकका प्रकाशक दलमर्दन कामीको संयुक्त हस्ताक्षरमा खाता समेत खोलिएको छ ।

**■ गोपाल बराइली**



## शुभकामना

दलित निगरानी पत्रिकाका सम्पूर्ण पाठक, शुभचिन्तक, विज्ञापनदाता, सहयोगी संस्था तथा सम्पूर्ण महानुभावहरुमा शुभकामना व्यक्त गर्दै दलित, जनजाति, महिला, मधेशी तथा सीमान्तकृत वर्गहरुको न्याय प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

आगामी संविधानमा दलित अधिकार सुनिश्चित कार्यक्रम तथा

**दलित निगरानी परिवार**

अनामनगर, काठमाडौं



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**खड्गबहादुर वस्याल**

*राज्यमन्त्री*

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**जीतु गौतम**

*राज्यमन्त्री*

**सामान्य प्रशासन मन्त्रालय**



## शुभकामना

विजयादशमीको पावन अवसरमा न्याय र समानताको अधिकार सबैमा समान हुने संविधान बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**राष्ट्रिय दलित आयोग**

मध्यबानेश्वर, काठमाडौं



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**सभासद कविता सरदार वानर**



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**विश्वेन्द्र पासवान**

*सभासद तथा अध्यक्ष*

**दलित जनजाति पार्टी परिवार**



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**शम्भु हजरा पासवान**

*सभापति*

**राज्यको शाषकीय स्वरुप निर्धारण समिति**



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**पदमलाल विश्वकर्मा**

*सभापति*

**मानवअधिकार तथा अन्तर्राष्ट्रिय सम्बन्ध समिति**

# संवैधानिक समितिका प्रतिवेदनमा दलित अधिकार

**संविधानसभाका सातवटा विषयगत समितिले पेश गरेका प्रतिवेदनमा दलित समुदायको हितसम्बन्धी केही विषयवस्तु समेटिएको छ, तर त्यतिले मात्र दलित समुदायको अधिकार सुनिश्चित हुन सक्दैन । ती प्रतिवेदनमा दलितका निम्ति केही महत्वपूर्ण विषय थपघट वा संशोधन गरिनुपर्छ ।**

■ **यामबहादुर किसान**

संविधानसभाका सातवटा विषयगत समितिले संवैधानिक समितिलाई आ-आफ्ना प्रतिवेदन बुझाइसकेका छन् । यसरी प्रतिवेदन बुझाउने समितिहरूमा अल्पसंख्यक तथा सीमान्तीकृत समुदायको हक अधिकार संरक्षण समिति, संवैधानिक निकायको संरचना निर्धारण समिति, प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति, सामाजिक र साँस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समिति, राष्ट्रिय हितको संरक्षण समिति, व्यवस्थापकीय अंगहरू निर्धारण समिति र न्यायप्रणाली सम्बन्धी समितिहरु छन् । अरू तीनवटा विषयगत समितिहरूले प्रतिवेदन बुझाएका छैनन् । सार्वजनिक बहसका निम्ति सार्वजनिक गरिएका सातवटा प्रतिवेदनहरूमध्ये अल्पसंख्यक तथा सीमान्तीकृत समुदायको हक अधिकार संरक्षण समितिको प्रतिवेदनमा दलितको सन्दर्भमा भएका व्यवस्था र हुनुपर्ने व्यवस्थाको बारेमा अत्यन्तै संक्षिप्त रूपमा विश्लेषण गरिएको छ ।

समितिका प्रतिवेदनले राष्ट्रको परिभाषामा नेपाल जातीय विभेद र छुवाछुतमुक्त, धर्मनिरपेक्ष, पूर्ण समानुपातिकतासहितको समावेशी राज्य हुने प्रस्ताव गरेको छ । यो व्यवस्था ठीक छ तर छुवाछुतमुक्त ठीक कि छुवाछूतरहित ठीक भन्ने वारेमा छलफल चलाउन सकिन्छ । त्यसैगरी सबै नेपाली नागरिकलाई आफ्नो बाबु वा आमा वा दुबैको नामबाट र आफ्नो वंश, थर वा कैरनका आधारमा नागरिकता प्राप्त गर्ने हक हुने प्रस्ताव गरिएको छ । यो व्यवस्था पनि उचित छ, तर यसमा व्यक्तिको इच्छा अनुसार उपथर (टाइटल) का आधारमा पनि नागरिकता दिइने व्यवस्था थप्दा अझ उत्तम हुन्छ ।

समानताको हकमा उल्लेख गरिएका कुराहरू उल्टोपाल्टो लाग्छन् । त्यसमा जातजातिका आधारमा विभेद नगर्ने वा गर्न नपाइने र दलित जनजातिहरूलाई सकारात्मक उपायका आधारमा विशेष व्यवस्था गर्ने प्रावधान हुनुपर्नेमा यसको उल्टो व्यवस्था रहेको छ । प्रस्ताव गरिएको व्यवस्थाको अपव्याख्या हुने सम्भावना देखिन्छ । त्यसैले यो धारामा सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, भाषा, क्षेत्र, जात, जाति, जन्म, वंश, पेशा, यौनिक तथा लैंङ्गिक पहिचान, शारीरिक वा मानसिक रूपमा अशक्त वा अपाङ्ग अवस्था, समुदाय वा जातीय उत्पत्ति, वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । त्यसैगरी राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, लिङ्ग, भाषा, क्षेत्र, जात, जाति, जन्म, वंश, पेशा, समुदाय वा जातीय उत्पत्ति, वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन । तर महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक रुपमा पछाडि पारिएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था हुनुपर्छ । साथै 'जात' भन्ने शब्द हरेक धाराहरूमा छुटाएको छ, यो थप्नुपर्छ ।

समितिका प्रतिवेदनमा जातीय भेदभाव तथा छुवाछूतविरुद्धको हकको व्यवस्था गरेको छ । यसमा पनि विभेदका आधारहरू भन्दा सोझै दलित, जनजाति, मुस्लिम आदि शब्दावलीको प्रयोग गरिएका छन् । यसमा व्यापक संशोधनको खाँचो छ । यसमा निम्नानुसार संशोधन गरिनुपर्छ ।

(१) कुनै पनि व्यक्तिलाई जात, जाति, जन्म, वंश, पेशा, समुदाय वा जातीय उत्पत्तिका आधारमा कुनै किसिमको जातीय भेदभाव, बहिष्कार, अस्वीकार, प्रतिबन्ध, निषेध, निस्कासन, नाकाबन्दी र छुवाछूतजन्य व्यवहार, असहिष्णुता र अवहेलना गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार मानवता विरुद्धको अपराध, राज्य विरुद्धको अपराध र जघन्य सामाजिक अपराधका रूपमा पूर्ण प्रतिबन्धित र दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउनेछ ।

(२) जातीय भेदभाव तथा छुवाछूतजन्य व्यवहार राज्य, सरकार, व्यावसायिक संस्था वा राजनीतिक दल वा कुनै पनि व्यक्तिले मानवीय जीवनका कुनै पनि क्षेत्र र स्थानमा गर्न पाइने छैन ।

(३) कुनै वस्तु, सेवा वा सुविधा, उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जातजातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री-वितरण गरिने छैन ।

(४) कुनै जातजाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समूहको उच नीच दर्शाउने, जातजातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले संरक्षण वा प्रोत्साहन गर्न पाइने छैन ।

(५) जातका आधारमा विभेदित समुदायको परिभाषा र नाम अनुसूचीमा राखिएको छ र सो अनुसूची राष्ट्रिय दलित अधिकार आयोगको सिफारिसमा सङ्घद्वारा संशोधनको व्यवस्था गरिनेछ ।

(६) उपधारा (२), (३) र (४) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । छुवाछूत गर्ने पीडकलाई कडा दण्ड सजाय र पीडितलाई पर्याप्त क्षतिपूर्तिका लागि यो संविधान प्रारम्भ भएको छ महिनाभित्र दण्डनीय र क्षतिपूर्तिसम्बन्धी कानुनको निर्माण गरिनेछ ।

शिक्षा तथा संस्कृतिसम्बन्धी हकमा प्रत्येक नागरिकलाई उच्च शिक्षासम्मको निःशुल्क शिक्षा प्राप्त गर्ने हक हुने प्रस्ताव गरेको छ । तर दलितका लागि त्यतिले मात्रै पुग्दैन । दलित समुदायको छात्रछात्राहरूको लागि अनिवार्य शिक्षा, उच्च तहसम्म छात्रवृत्ति र छात्रवास सहित निःशुल्क र गुणस्तरीय शिक्षाको हकको व्यवस्था गरिनुपर्छ ।

अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायको अलग्गै हकको समेत प्रस्ताव गरेको छ । जसमा सो समुदायलाई आफ्नो समुदायका अल्पसंख्यक, सीमान्तकृत तथा बहिष्करणमा पारिएको समुदायलाई आफ्नो समुदायको परम्परागत मौलिक कला, ज्ञान, सीप वा दक्षतालाई आफ्नो समुदायको वौद्धिक सम्पत्तिको रूपमा पञ्जिकरण गरी उपयोग, संरक्षण र सम्बर्धन गर्ने र कसैले बिना स्वीकृति उपयोग गरे रोक लगाउने वा उचित क्षतिपूर्ति प्राप्त गर्ने हक हुने; पूर्ण समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अनुरूप राज्य व्यवस्थामा सहभागी हुने हक हुने; उनीहरुको संरक्षण, विकास र सशक्तीकरणका लागि राज्यको हरेक तहमा पूर्ण समानुपातिक प्रतिनिधित्व सहित राज्यले कानुनद्वारा विशेष व्यवस्था गर्ने र जातीय विभेद र छुवाछूतको दुर्व्यवहार एवं धार्मिक, सांस्कृतिक उत्पीडन भोग्ने समुदायलाई राज्यले सो विभेद, दुर्व्यवहार वा उत्पीडनको क्षतिपूर्तिबापत समानुपातिकतामाथि थप अधिकार सुनिश्चितताको विशेष व्यवस्था गर्ने प्रस्ताव गरेको छ ।

यस धारामा गरिएका प्रस्तावहरू ठीक भए पनि अल्पसंख्यक तथा सीमान्तीकृत समुदायमध्ये कसको के कति हक हो भन्ने स्पष्ट हुँदैन । यो धारमा दलित, जनजाति, मधेशी आदिको अलग अलग धारा वा उपधाराको व्यवस्था गरी प्रत्येक समुदायको अलग-अलग हकको व्यवस्था गरिनुपर्छ । दलितमाथिको विद्यमान विभेदको अन्त्य र उत्थानका लागि प्रभावकारी भूमिका खेल्ने देखिँदैन । दलित समुदायका सभासद, बुद्धिजीवी, नागरिक समाज सबैले यसमा व्यापक संशोधनका लागि पहल गर्नुपर्दछ ।

*(लेखक राष्ट्रिय दलित आयोगका पूर्वसदस्य तथा अनुसन्धानकर्ता हुन् ।)*



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**सभासद पुनरसिंह दयाल**

---



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**दुर्गा सोब**

*अध्यक्ष*

**दलित महिला संघ, कुपण्डोल**

---



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**धनकुमारी सुनार**

*सदस्य*

**राष्ट्रिय महिला आयोग, काठमाडौं**

---



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**सभासद हरि श्रीपाइली**

---



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**नेत्र तिमिल्सिना** — *अध्यक्ष*

**शर्मिला कार्की** — *महासचिव*

**गैर सरकारीसंस्था महासंघ, बुद्धनगर, काठमाडौं**

---



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**घनश्याम पाण्डे**

*अध्यक्ष*

**सामुदायिक वन उपभोक्ता महासंघ, पुरानो बानेश्वर**

---



## शुभकामना

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

केशमान श्रीपाइली

**चेतना धौलागिरी गेष्ट हाउस**

माछापोखरी, बालाजु, काठमाडौं

---

विजयादशमीको उत्साहसँगै दलित जनजाति, महिला र सीमान्तकृत समुदायको हकहितका लागि संघर्ष गर्ने शक्ति मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**खानेपानी संस्थान परिवार**

---

२०६६ सालको विजयादशमीको पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्गमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल टेलिकम परिवार**



# केही गरौं, जुहारी बन्द गरौं

■ जमुना नेपाली

यतिबेला हामीले ठूला-ठूला उपलब्धिको आशा गरिरहेका छौ । हामीले आशा गरेका कुराहरू पाउँछौ या पाउँदैनौं, त्यो हाम्रो आन्दोलनमै निर्भर रहन्छ । खण्डहर बन्न थालेको दलित आन्दोलनलाई एकत्रित गर्न सक्यौं भने अवश्य पनि हामीले महत्वपूर्ण उपलब्धि हासिल गर्न सक्छौं । अहिले जुन प्रकारले दलित आन्दोलन फितलो र कमजोर बन्दै गइरहेको छ, त्यसलाई आधार मान्ने हो भने दलित आन्दोलनले न उपलब्ध पाउन सक्छ, न यो ऐतिहासिक नै बन्न सक्छ । हुन त, दलित समुदाय र राज्यकै लागि जुन सुकै घटना पनि 'ऐतिहासिक' हुने गरेका छन् । २००७ सालको परिवर्तनलाई 'ऐतिहासिक' भन्यौं । ०४७ सालको जनआन्दोलनलाई 'ऐतिहासिक' भन्यौं र ०६२/०६३ को जनआन्दोलनलाई पनि 'ऐतिहासिक' भन्ने गरेका छौं । पञ्चायती कालरात्रीका पक्षधरले पनि पञ्चायत र माओवादीले जनयुद्धलाई पनि 'ऐतिहासिक' भन्ने गरेका छन् । तर दलित समुदायका बारेमा भएका कुनै पनि निर्णय वा आन्दोलनलाई 'ऐतिहासिक' को दर्जा दिन सकिएको छैन ।

दलित समुदायका अग्रज र आन्दोलनकर्मीहरूले दलित आन्दोलन उचाईमा पुग्न लागेको बताइरहनु भएको छ तर यो तर्क वस्तुनिष्ट छैन । दलित आन्दोलनले उपलब्धि हासिल गऱ्यो वा हामी उपलब्धि नजिक पुगेका छौं भन्न सक्ने आधारहरू के छन् त ? एक / दुई जना दलितले राज्यमन्त्री पाए भन्दैमा त्यसलाई ठूलो उपलब्धि मान्ने ? ४९ जना सभासद् भए भन्दैमा ५० लाख दलित समुदायको प्रतिनिधित्व भएको छ भन्ने आधार छैन । यी त दलित आन्दोलनका न्यूनतम उपलब्धि हुन ।

हिजोको दलित आन्दोलनले केही मात्रामा राज्यलाई झुकाउन सकेको थियो तर दलित आन्दोलनको उभारले राज्यलाई घुँडा टेकाएको चाँहि छैन । दलित समुदाय यो राज्यकै नागरिक हुन्, यिनीहरूको बेग्लै हैसियत छ र नयाँ कदम चाल्न जरुरी छ भन्ने स्थितिसम्म राज्यलाई पुऱ्याउन सकेका छैनौं । यो हाम्रो प्रमुख कमजोरी हो । हाम्रा कमीकमजोरीलाई केलाउनेतर्फ कहिले ध्यान दिएका छैनौं । ध्यान दिएका छौ भने, आफ्नो स्वार्थपूर्तिको लागि , चाकडी र चाप्लुसी गरेर सत्तामा पुग्नका लागि, पार्टीगत हित र खुट्टा तानातानका लागि ध्यान दिएका छौं । यसले गर्दा नै दलित आन्दोलनले उचाइ लिन नसकेको हो । यही अवस्था कायम रहेमा दलित आन्दोलनले उचाई प्राप्त गर्न अझै केही समय पर्खनुपर्ने हुन्छ । फेरि यो अहिलेको समय भनेको आन्दोलन थाती राख्ने समय होइन । हाम्रो अधिकार प्राप्तिको आन्दोलनलाई थाँती राख्नु भनेको आफ्नै खुट्टामा बञ्चरो हान्नु हो । हामी अहिले जानी नजानी आफ्नै खुट्टामा बञ्चरो हानिरहेका छौं । ०६२/०६३ को जनआन्दोलनपछिका वर्षहरू धेरै समुदायका लागि उपलब्धिमूलक साबित भएका छन् । पछिल्ला केही वर्ष त धेरैले राज्यलाई थर्कमान बनाए । तराईको आन्दोलनले राज्यलाई घुडा टेकायो । तर




कमसेकम कागजीरूपमा भए पनि अन्य समुदायले जितेका छन् । प्रारम्भिक भए पनि यसले ठूलो महत्व राख्दछ । दलित समुदायका लागि त पछिल्ला वर्षहरु उपलब्धिविहीन वर्ष सावित भएका छन् । त्यसका पछाडि धेरै कारण रहेका छन् । प्रथम त राज्यको नीति नै अव्यबहारिक बन्यो । दोस्रो ब्राह्मणवादी चिन्तन नहटेका कारण दलित समुदायले पीडाबाट मुक्त हुने परिस्थिति बन्दै बनेन । तेस्रो, आन्दोलनप्रति दलहरूको घुमाउरो असहयोग र चौथो, दलित समुदायवीच कै अन्तरद्वन्द्व आदि ।

तथापि अहिले नै दलित समुदायले निरास भइहाल्नुपर्ने अवस्थाचाहिँ छैन । संविधान निर्माण प्रक्रिया बल्ल बीच भागमा पुगेको छ । नयाँ संविधानको अन्तिम मस्यौदा बन्न बाँकी रहेको यो अवस्थामा हामीले दलित आन्दोलनलाई नयाँ शिराबाट अगाडि बढाउने प्रयत्न गऱ्यौं भने अवस्य पनि आगामी संविधानमा दलित अधिकार सुनिश्चित गर्न कठिनाइ हुनेछैन । त्यसका लागि दलित जनवर्गीय संगठनका अगुवाहरू, नागरिक समाजका अगुवाहरू, बुद्धिजीविहरू सबैले नयाँ संकल्प गर्न जरुरी छ । दलितका पक्षमा संविधान लेख भनेर नागरिक स्तरबाट खबरदारी गर्न आवश्यक छ । हाम्रा सभासद्हरूले दलित सवालमा राजनीतिक स्वार्थभन्दा माथी उठेर सदनमा आवाज उठाउनु पर्छ । तर, विडम्बना, यी सबै कुरामा हामी हिजो चुक्यौं, आज चुकिरहेका छौं र सम्भवतः भोलि पनि चुकिरहने छौं । अहिले पनि यसरी चुक्नु भनेको लाखौं लाख दलित समुदायको भविष्यमाथि खेलबाड गर्नु हो । वर्षौंदेखि राज्य र सामन्तवादी विचारबाट ओतप्रोत भएको यो समाजले दिएको उत्पीडनलाई तोड्ने मौकामा हामीले यस्तो गल्ती कदापि गर्नुहुँदैन ।

यो मुलुकको २० प्रतिशत हिस्सा ओगटेका दलित समुदायले अझै पनि मान्छे भएर बाँच्न पाएका छैनन् । हिजोभन्दा आज एक वा अर्को प्रकारले छुवाछूत प्रथा बलियो बन्दै गइरहेको छ । वर्षौंदेखिको पीडाबाट उन्मुक्ति पाउन दलितहरूले विशेषाधिकार मागिरहेका छन् । आरक्षण मागिरहेका छन् र प्रगतिशील आरक्षण मागरिहेका छन् । तर यो राज्यले दलितका लागि केही दिए जस्तै गरेर अल्मल्याउन खोजिरहेको छ । संविधानका धारा र उपधाराहरूमा 'वा' 'तर' जस्ता शब्दहरू राखेर अल्मल्याउन खाजिएको छ । दलित समुदायबीचका मत-मतान्तरलाई त्याग्न सक्ने हो भने पक्कै राज्य संचालकहरू दलितका पक्षमा काम गर्न बाध्य हुनेछन् । त्यसका लागि सडक, सदन र सरकार तीनै ठाउँबाट संघर्षको बिगुल फुक्नुपर्छ । यी तीनै ठाउँमा हाम्रो उपस्थिति छ । अहिलेसम्म छिन्न-भिन्न भएको दलित आन्दोलनलाई एक ठाउँमा ल्याउने साझा संयन्त्र बनाउन सक्ने हो भने कुनै पनि अवस्थामा दलित आन्दोलन ओझेलमा पर्दैन । त्यो खाले संयन्त्र निर्माण गर्ने काममा दलित अगुवाहरूले अग्रसरता देखाउनु पर्छ । अबको दलित आन्दोलनलाई उपलब्धिमूलक बनाउनका लागि हातमा हात, काँधमा काँध मिलाउन जरुरी छ ।

# तेजबहादुर मिजार

**दलित आन्दोलनकारीहरू कुनै न कुनै घटनाबाट प्रेरित भएर आन्दोलनमा लागेका हुन्छन् । समाजमा दलितमाथि हुने अत्याचारले कतिपयलाई दलित आन्दोलनको उर्जा थपिदिएको हुन्छ भने कतिपयलाई त नेता नै बनाउँछ । जातीय छुवाछूतको पीडाले दलित समुदायका धेरै व्यक्ति आन्दोलनमा होमिएका छन् भने केहीचाहीँ पारिवारिक पृष्ठभूमिका कारण पनि दलित आन्दोलनमा लाग्नेगरेका छन् ।**



यीमध्ये आफूमाथि जातीय भेदभावको अत्याचार भएपछि दलित आन्दोलनमा सक्रिय भएका व्यक्तिमा पर्छन् काभ्रेको पाँचखाल -७ मा २०१८, बैशाखमा जन्मिएका सभासद् तेजबहादुर मिजार । उनी विद्यालयमा भएको छुवाछूतको एउटा घटनाबाट प्रभावित भएर जातीय मुक्ति आन्दोलनमा लागे । सरस्वती पूजामा दलितले न अरूसरह पूजा गर्न पाउँछन् न, तिनले लगेको प्रसाद नै चल्छ । । विद्यालयमा परापूर्वकालदेखि दलितलाई भेदभाव गर्ने गरिएको छ । तेजबहादुर मिजारले पनि यस्तै भोगेका छन् । विद्यार्थी हुँदा सरस्वती पूजामा आफ्ना साथीहरू पूजा गरेर रमाइरहँदा उनी मन्दिर बाहिरबाट टुटुटुलु हेर्न बाध्य हुन्थे । आज पनि उनी त्यो दिन झल्झली सम्झिरहँन्छन् ।

औसत दलित परिवारमा जन्मिएका मिजारलाई २०३६ सालको राजनीतिक घटनाक्रमले निक्कै प्रभावित तुल्याएको छ । ८ कक्षामा पढ्दा उनले प्रगतिशील पुस्तकहरू पढ्ने मौका पाए । त्यसले पनि उनलाई बहुदलको पक्षमा लाग्न मद्दत गऱ्यो । काभ्रेको गणेश प्राविबाट अध्ययन शुरु गरेको भए पनि २०३६ सालको परिवर्तनको बेला उनी सर्वमङ्गल व्यवसायिक माविमा पढ्थे । त्यतिबेला विद्यालयकै शिक्षक पारस काफ्लेले मिजारलाई वामपन्थी राजनीतिमा लाग्न प्रेरित गरेका थिए । ...........

२०३८ सालमा एसएलसी पास गरेपछि चाहीँ उनी शिक्षक भएर रसुवा गए । तामाङ बाहुल्य भएको ठूलो स्याप्रु प्राविमा पढाउँदा उनले दलित हुँ भन्ने महसुस गरेनन् । तर, त्यती बेला लामटाङ राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीबाट भने धेरै प्रताडित भएका थिए । तेजबहादुर हुन सार्की भन्ने थाहा पाएपछि जम्दारले उनीमाथि हातपात समेत गरेका थिए । फलतः उनी दुईमहिना बेतलवी विदा बस्न बाध्य भए । यस्ता आरोह अवरोहका बाबजुद उनले रसुवामा शिक्षक भएर साढे तीन वर्ष विताए । त्यसपछि त उनी पढाउन छाडेर काठमाडौं फर्किए ।

जिन्दगी सुख दुःखको संगम हो । रसुवामा शिक्षक रहेका मिजार काठमाडौं आएपछि चाही सडक पेटीका पसले बने । पाँच वर्षसम्म उनले टुढिँखेल आसपासमा व्यापार गरे । त्यसपछि फेरि बनेपातर्फ हान्निए । उनले कृषि भेट्नरी पढेका हुनाले काभ्रेको वनेपामा पुगेर एग्रोभेट चलाउन थाले ।

काठमाडौंमा फुटपाथको पसल गर्दा उनले तत्कालिन एकताकेन्द्रसंग सम्पर्क विस्तार गरेका थिए । ज्ञानप्रसाद गौतमबाट कम्यूनिष्छ पार्टीको सदस्यता लिए पनि २०५२ सालमा माओवादीले जनयुद्ध शुरु भएपछि उनले जनयुद्धलाई सघाए । जातीय आन्दोलन र वर्गीय आन्दोलन संगसंगै लैजानुपर्ने मान्यता उनको छ । माओवादीमा लागेका कारण०५५ सालमा उनी पक्राउ परे । कठोर यातनासहित दुई महिना बन्दी जीबन विताएर उनी रिहा भए । त्यसपछि माओवादीको हालेटाइमर कार्यकर्ता भए । भूमिगत भएपछि उनी दलित मोर्चा काभ्रे उपाध्यक्ष बने । ०५९ सालमा माओवादीले स्थानीय सरकार गठन गर्दा उनलाई काभ्रे जिल्ला जनसरकार उपप्रमुख बनाईएको थियो । लामो राजनीतिक र सांगठनिक अनुभवपछि उनलाई माओवादीले जनमुक्ति सेनाको कमिसारको जिम्मेवारी पनि दिएको थियो । त्यसेपछि धेरै ठूलाठूला 'युद्ध'हरुमा सहभागी भएको उनी बताउछन् । ०६१ माघमा काभ्रेकै सिर्थौली गाविसको लौरे भन्नेमा माओवादीको तालिम चलिरहेको सेनाले बमबारी गर्दा उनी रुखको आड लिएर बसे

जनयुद्धमा लाग्दाउनलाइृ बाहुन जातिका घरमा प्रवेश गर्न कुनै रोकावट थिएन । तथापी त्यतीबेला उनीजस्ता धेरै दलितलाई गैर दलितले आगनसम्म पनि टेक्न दिएका थिएनन् । जनयुद्धको बेला छुवाछूत केही कम भएपनि अहिले यो उस्तै रहेको उनको कथन छ । 'सरकारको नीति र संरचना नै काईते भएकोले ठूलो राजनीतिक परिवर्तन भए पनि छुवाछूत झन मौलाउँदै गएको छ' उनी भन्छन् ।

काभ्रे क्षेत्र नम्बर ४ बाट भारी मतले माओवादीबाट विजयी बनेका मिजारले दलित समस्यालाई विशिष्ट समस्याको रुपमा लिनु पर्ने तर्क गर्छन् । दलित समस्या समाधान गर्ने दायित्व अरु सभासद्को जस्तै उनको काँधमा पनि थपिएको छ । दलित सभासद्हरुले एउटै मञ्चबाट आवाज उठाउन नसकेकोमा उनी दुःखीत छन् । संबिधानसभाको म्याद थोरै मात्रै बाँकी रहँदा पनि दलित सभासद्लाई एउटै आवाज बनाउन कसले रोक्यो त ? मिजारको जवाफ छ-'प्रतिक्रियावादी, दलाल र नोकरशाही प्रबृत्तिका पनि दलित सभासद् छन् । तीबाट हामीले के आस गर्ने ?' उनले थपे - 'यस्तो अवस्थामै दलितको मुक्ति हुन्छ भन्नु खिर्रोको रुखमा सुन्तला फल्छ भन्ने आस गर्नु सरह हो ।' तैपनि आउँदा दिनमा दलित सभासद्, राजनीतिक दल र दलित समुदायले आफ्ना साझा समस्या समाधान गराउन एकताबद्ध पहल गर्ने हो भने दलित अधिकारलाइृ नयाँ संविधानमा समाबेश गराउन गाह्रो पर्दैन ।